**अनुसूची- २**

**(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-३, संख्या-१, मिति-२०७६/१/३१**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**मोदी गाउँपालिका**

# गाउँपालिका करार शिक्षक नियुक्ति सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६

मोदी गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ दफा ५२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँपालिकाको कार्यालयले यो संक्षिप्त कार्यविधि बनाएको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम शिक्षक नियुक्ति सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ रहेको छ । (२) यो कार्यविधि मोदी गाउँपालिका भर लागू हुनेछ । (३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'ऐन' भन्नाले मोदी गाउँपालिका आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ख) 'शिक्षक' भन्नाले सामुदायिक विद्यालयको अध्यापक सम्झनु पर्दछ । सो शब्दले स्वीकृत दरवन्दीमा नियुक्त हुने करार शिक्षक तथा बाल शिक्षा शिक्षक समेतलाई जनाउदछ ।

(ग) 'समिति' भन्नाले आधारभूत तथा माध्यामिक शिक्षा ऐनको दफा ४३ बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्दछ । सो समिति गठन नहुँदा सम्म यसै कार्यविधि बमोजिम गठन हुने शिक्षक छनौट समितिलाई समेत सम्झनु पर्दछ ।

(घ) 'विज्ञ' भन्नाले समितिले सूचीकृत गरेको विषयगत विशेषज्ञ सम्झनु पर्दछ ।

(ङ) 'अध्यापन अनुमति पत्र' भन्नाले शिक्षक सेवा आयोगले प्रचलित कानून बमोजिम अध्यापन गर्न दिएको अनुमति पत्र सम्झनु पर्दछ ।

## परिच्छेद दुई -
## शिक्षक छनौट समितिको गठन

३. सामुदायिक विद्यालयमा स्वीकृत प्राप्त दरवन्दी र थप शिक्षक अनुदान तथा बाल शिक्षा शिक्षकको पदमा करार नियुक्तिको लागि मोदी गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७५ को दफा ४३ अनुसारको समिति रहनेछ ।

(१) मोदी गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - अध्यक्ष

(२) माध्यामिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये कार्यपालिकाले तोकेको - सदस्य

(३) गाउँ शिक्षा अधिकृत - सदस्य सचिब

## परिच्छेद - तीन

## समितिको बैठक तथा काम कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था

### ४. समितिके बैठक सम्बन्धी कार्यविधि

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकमा बमहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले मन दिन सक्नेछ ।

(५) समितिको बैठकको निर्णय समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गरि राखिने छ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

### ५. समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) स्वीकृत दरबन्दी तथा थप शिक्षक अनुदान कोटाको रिक्त पदमा माग गर्ने (संकलन गर्ने)

(२) पदपूर्तिको लागि विज्ञापन गर्ने ।

(३) शिक्षकहरुको करार नियुक्तिको लागि परिक्षा संचालन सम्बन्धी अन्य काम गर्ने ।

(४) शिक्षकको करार नियुक्तिको लागि सिफारिस गर्ने ।

(५) उजुरी नपरेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको मितिले ३ महिना पछि परीक्षा सम्बन्धी कागजातहरु धुल्याउने ।

(६)	समितिले गर्नु पर्ने काम कारवाहीको बारेमा ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम तादात्म्यता कायम गर्ने ।

## परिच्छेद - चार

## शिक्षक छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था

६. **पदपूर्तीको माध्यम** (१) बाल शिक्षा शिक्षक, प्राथमिक शिक्षकहरुको रिक्त पद खुला प्रतियोगिताको माध्यमबाट पदपूर्ति गरिने छ ।

**७. बिबरण उपलब्ध गराउन पर्नेः**

(१) प्रत्येक विद्यालयले विद्यालयमा रहेको स्वीकृत शिक्षक दरबन्दीको वा स्वीकृत थप शिक्षक अनुदानको शिक्षक दरवन्दी वा बाल शिक्षा शिक्षक कोटाको रिक्त विवरण यो कार्यविधि जारी भएको मितिले सात दिन भित्र शिक्षक छनौट समितिमा पठाउनु पर्नेछ ।

(२) बिद्यालयले बिद्यालय व्यवस्थापन समितिको निर्णय गरी पदपूर्ति गरिदिनको लागि मोदी गाउँपालिकामा अनुरोध गर्ने ।

**८. योग्यता र तालिम सम्बन्धी ब्यवस्था**

शिक्षक पदको लागि लिईने परिक्षामा सहभागी हुन शिक्षक सेवा आयोग सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको शैक्षिक योग्यता तथा तालिम प्राप्त गरेको हुनुपर्नेछ । सो कानूनमा कुनै पदको योग्यता नतोकिएको भए समितिले प्रचलित निर्देशिकालाई आधार मानी तोके बमोजिम हुनेछ ।

**९. उमेदवारको लागि योग्यता**

देहायका व्यक्तिहरु अस्थायी शिक्षक पदमा उमेदवार हुनको लागि योग्य हुन सक्ने छैन ।

- गैर नेपाली नागरिक
- १८ वर्ष उमेर नपुगेको
- ४० वर्ष उमेर पूरा भएको
- मगज विग्रेको

- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको
- भविष्यमा सरकारी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको
- अध्यापन अनुमती पत्र नलिएको
- स्थायी नियुक्ति भई बहालवाला शिक्षककोरुपमा काम गरिरहेको शिक्षक
- संघीय कानूनले अन्यथा गरेमा बाहेक शिक्षक सेवा आयोग नयमावली (नबौं संशोधन २०७१) २०५९ को नियम ९ बमोजिम तालिम नलिएको ।

**१०. पाठ्यक्रम, परिक्षण प्रणाली र मुल्याङ्कन प्रक्रिया**

(१) समितिबाट लिईने परीक्षाको पाठ्यक्रम परीक्षा प्रणाली र मुल्याङ्कन प्रकृया संघीय कानूनमा अन्यथा भएमा बाहेक शिक्षक सेवा आयोग नियमावली २०५९ ले तोके बमोजिम हुनेछ ।

(२) शिक्षक सेवा आयोगले कुनै पदको लागी पाठ्यक्रम नतोकेको भए परीक्षा सम्बन्धी संघीय र प्रादेशिक आयोग समेतले मिल्दा जुल्दा पदका लागी तोकेको पाठ्यक्रमलाई आधार मानी समितिले पाठ्क्रमको विकास गर्नेछ ।

**११. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने**

(१) समितिले रिक्त शिक्षक पदपूर्ति गर्न आवश्यक विवरण खुलाई स्थानीय पत्रपत्रिका र अन्य संचार माध्यमबाट कम्तिमा १५ दिने विज्ञपन गराउनु पर्नेछ ।

**१२. दरखास्त बुझाउनु पर्ने**

प्रतियोगितामा भाग लिन चाहने उमेदवारले तोकिएको दरखास्त फाराम भरी समितिले तोके बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ। दरखास्त फारम शुल्क रु. ५००।- लाग्ने छ।

**१३. दरखास्तको छानविन र प्रवेशपत्र आदि सम्बन्धी ब्यवस्था**

(१) दफा (१२) बमोजिम पर्न आएका दरखास्त छानविन गर्दा रीत पुगेको देखिएमा समितिले सम्बन्धित उमेदवारलाई प्रवेश पत्र दिनु पर्नेछ।

(२) समितिले कुनै पनि दरखास्त शर्त राखी स्वीकृत गर्ने छैन।

(३) यस कार्यविधि बमोजिम बिज्ञापन वा परीक्षा रद्द गरिएको अवस्थामा वा उमेदवारको दरखास्त अस्वीकृत भएमा परीक्षा दस्तुर फिर्ता हुने छ। तर दफा (२०) बमोजिम दरखास्त वा परीक्षा रद्ध भएमा परीक्षा दस्तुर फिर्ता हुने छैन।

**१४. स्वीकृत नामावलीको सूची प्रकाशन गर्नु पर्नेः**

समितिले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उमेदवारहरुको नामावलीको सूची तयार गरी सूचना पाटी र गाउँपालिकाको वेभसाईटमा प्रकाशित गर्नु पर्नेछ।

१५. **परिक्षा हुने मिति, समय र केन्द्रः** यस कार्यविधि बमोजिम लिने परिक्षा, समितिले तोकेको मिति, स्थान, समय र केन्द्रमा संचालन हुनेछ।

१६. **परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्कः** (१) समितिबाट लिईने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय अनुसार हुनेछः

क. लिखित परिक्षाको अङ्क १०० अंक

ख. अन्तरवार्ताको २५ अक

ग. उत्तीर्णाङ्क ४० अंक

१७. **सफल उमेदवारको सूची प्रकाशन गरिनेः** (१) लिखित परिक्षामा उत्तिर्ण भइ सबै भन्दा बढी अंक प्राप्त गर्ने उमेदवारहरुमध्येबाट देहायको अनुपातमा

उत्तिर्ण उमेदवारहरु थप गरी अन्तरवार्ताको लागि उमेदवारको नाम बर्णानुक्रम अनुसार प्रकाशन गरिने छ ।

| रिक्त पद संख्या | थपहुने संख्या |
|---|---|
| १-५ | २ |
| ६-१० | ३ |
| ११ देखि बढि | ४ |

तर अन्तिम क्रमसंख्यामा एक जना भन्दा बढी उमेदवारले वराबर अंक प्राप्त गरेमा त्यस्तो सबै उमेदवारको नाम प्रकाशन गरिने छ ।

(२) उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेद्वार आवश्कय संख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यति उम्मेद्वारको नाम प्रकाशन गरिने छ ।

(३) करार सूचीमा लिखीत परीक्षामा सफल हुने उमेदवारहरु मध्ये २० प्रतिशतले हुन आउने संख्या राखिने छ ।

(४) ६ महिना भित्र अन्य कुनै विद्यालयले शिक्षण माग पदपूर्तिको लागि वा कुनै शिक्षकको करार भंग भएमा उपदफा (३) को सूचीबाट करार नियुक्तिको लागि समितिले सिफारिस गर्नेछ ।

**१८. अन्तरवार्ताको अंक**

अन्तरवार्ताको लागि छुट्याइएको पच्चिस अंक देहाय बमोजिम दिईने छः

(१) शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ३ अंक द्वितीय श्रेणीको भए २ अंक र तृतीय श्रेणीको भए १ अंक तथा माथिल्लो शैक्षिक योग्यताको हकमा प्रथम, द्वितीय र तृतीय श्रेणीको अंकको लागि क्रमश २, १ र ०.५ प्रदान गरिने छ ।

(२) अन्तरवार्ता बापत २० अंक

तर अन्तरवार्तामा अंक दिदा कुनै उमेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अंक प्रदान गर्दा त्यस्तो कारण खुलाउनु पर्नेछ ।

**१९. योग्यताक्रम प्रकाशित गर्नु पर्नेः**

समितिले लिखित परिक्षा लिएको भए सो परिक्षामा सफल भएका उमेदवारले अन्तरवार्तामा प्राप्त गरेको अंक जोडी सबै परीक्षाबाट सफल भएका उमेदवारको नाम नियुक्तिको लागि सिफारिस सहित योग्यता क्रम प्रकाशित गर्नु पर्नेछ । सफल उमेदवारहरुलाई छनौट समितिको सिफारिसमा सम्बन्धित विद्यालयले करार नियुक्ति गर्ने छ । स्थायी शिक्षक सिफारिस भई आएमा वा गाउँपालिकाबाट अर्को ब्यवस्था भएमा करार अवधि स्वतः भंग हुनेछ ।

२०. **दरखास्त रद्द वा सिफारिस बदर हुन सक्नेः** (१) कुनै उम्मेद्वारले झुटा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भंग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा समितिले त्यस्तो उमेदवार रद्द गर्न सक्ने छ । (२) समितिबाट नियुक्तिको लागि सिफारिस भएको कुनै उमेदवारले नियुक्ति लिन नपाउदै निजले सिफारिस हुन नसक्ने कुनै प्रमाणित कारण उपलब्ध भएमा समितिले त्यस्तो उमेदवारको सिफारिस बदर गर्न सक्ने छ । (३) कुनै उमेदवारले झुटो विवरण दिएको कुरा त्यस्तो उमेदवार सिफारिस गरिएको पदमा नियुक्ति भइसके पछि जानकारी हुन आएमा समितिले निज उपर बिभागीय कारवाहीको लागि सम्बन्धित अधिकारी समक्ष लेखि पठाउनु पर्नेछ ।

# परिच्छेद - पाँच

# बिबिध

२१. **गोप्य रहनेः** समितिले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरु गोप्य रहने छन् ।

२२. **परीक्षा र विज्ञापन रद्द गर्न सक्नेः** (१) परीक्षा संचालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडवडी भएमा कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा संचालन हुन नसकेमा समितिले सो दिनको परिक्षा कारण जनाई रद्द गर्न सक्ने छ ।

२३. **विशेषज्ञको सेवा लिन सक्नेः** (१) समितिले आफ्नो कार्यसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार विशेषज्ञ सेवा लिन सक्ने छ । (२) यसको लागि समितिले प्रत्येक वर्ष विशेषज्ञ सूची अध्यावधिक गरी राख्न सक्ने छ ।

२४. **पालना गर्नुपर्नेः** शिक्षक छनौट समितिले यस सम्बन्धमा शिक्षक सेवा आयोगको सामान्य मान्यता र पाठ्यक्रमको पालना गर्नु पर्ने छ ।

२५. छनौट समिति र पदाधिकारी र सो काममा खटिने कर्मचारीहरुले पाउने सेवा सुविधा र सर्त अर्थ मन्त्रालयले तोके अनुसार हुनेछ ।

२६. **निर्देशिका जारी गर्न सक्नेः** समितिले आफ्नो काम कारवाही सुचारुरुपले संचालन गर्नको लागि ऐन र यस कार्यविधिको अधिनमा रही आवश्क निर्देशिका जारी गर्न सक्ने छ ।

२७. **यो कार्यविधि अनुसार पालिकाबाट एक पटक अस्थायी करार शिक्षकहरुको छनौट भएपछि स्वतः निश्कृय भएको मानिने छ ।**

प्रमाणिकरण मितिः २०७६।१।३१

**आज्ञाले,**

कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत